सरावल गाउँपालिका
Sarawal Rural Municipality
गाँउ कार्यपालिकाको कार्यालय
Office Of The Municipality Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.स. २०८१/०८२
च.न.

# तिन पांग्रे सवारी साधन दर्ता(रुट ईजाजत) लिने सम्वन्धी सूचना!!!

प्रथम पटक प्रकाशित मितिः- २०८२/०३/०१

यस सरावल गाउँपालिकामा स्विकृत यातायात तथा सवारी साधन व्यवस्थापन सम्वन्धी कार्यविधी-२०८२ अनुसार यस गाउँपालिका क्षेत्र तथा गाउँपालिका क्षेत्रवाट अन्तराष्ट्रिय सिमा नाका महेशपुर सम्म (कार्यविधीको दफा १३ तथा जिल्ला प्रशासन कार्यालय, सरावल गाउँपालिका र पाल्हिनन्दन गाउँपालिकाको संयुक्त बैठकको मिति २०८२/०२/२२ को निर्णय अनुसार) सञ्चालित सम्पुर्ण ३ पांग्रे ई-रिक्सा तथा अटो रिक्सा कार्यविधीको दफा ६ बमोजिम दर्ता गरी रुट ईजाजत लिएर मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। तसर्थ उल्लिखित साना सवारी साधनहरु(ईरिक्सा तथा अटोरिक्सा) कार्यविधीको दफा ६ बमोजिम देहायका कागजात सहित यस कार्यालयमा दर्ता गरि रुट ईजाजत लिएर मात्र सञ्चालन गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

- सवारी साधनको दर्ता किताब(ब्लुबुक)
- बीमा(कम्तिमा तेश्रो पक्ष विमा गरेको हुनुपर्ने)
- सवारी धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/सवारी चालक अनुमती पत्र
- अटो रिक्साको लागी रु. १००० तथा ई-रिक्साको लागी रु. ८००(आठ सय मात्र) राजश्व दाखिला गरेको निस्सा

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री जिल्ला प्रशासन कार्यालय नवलपरासी(व.सु.प)- कार्यालयवाट प्रदान गरिएको रुट ईजाजत अनुसार अटोरिक्सा/ईरिक्सा सञ्चालनको लागी आवश्यक समन्वय गरिदिनुहुन।
श्री जिल्ला प्रहरी कार्यालय(ब.सु.प)- कार्यालयवाट प्रदान गरिएको रुट ईजाजत अनुसार अटोरिक्सा/ईरिक्सा सञ्चालनको लागी आवश्यक समन्वय गरिदिनुहुन।